# बालबालिकाका लागि बाइबल

## को प्रस्तुती



# नोआ र जलप्रलय

**लेखन** Edward Hughes
**चित्र** Byron Unger; Lazarus
**अनुवाद** B.K. Shrestha
**संयोजन** M. Maillot; Tammy S.

story 3 of 60

**www.M1914.org**

***Bible for Children.*** *PO Box 3, Winnipeg, MB R3C 2G1 Canada*

अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

नेपाली Nepali



नोआ परमेश्वरको आराधना गर्ने मानिस थिए । अरू सबैले परमेश्वरलाई घृणा र अवज्ञा गर्दथे । एक दिन परमेश्वरले एउटा अचम्भको कुरा भन्नुभयो । "म यो दुष्ट संसारलाई नाश पार्नेछु," परमेश्वरले नोआलाई भन्नुभयो । "तेरो परिवारमात्र बचाइनेछ ।"

1



जलप्रलय आउनेछ र पृथ्वीलाई ढाक्नेछ भनी परमेश्वरले नोआलाई चेताउनी दिनुभयो । "तेरो परिवार र धेरै जनावरहरू अटाउने गरी काठको एउटा ठूलो जहाज बना," नोआलाई आदेश दिइयो । परमेश्वरले नोआलाई ठीकठीक निर्देशनहरू दिनुभयो । अनि नोआ त्यही काममा व्यस्त भए !

2


नोआले त्यो जहाज बनाउनुको कारण व्याख्या गर्दा मानिसहरूले खिसी गरे होलान् । तर नोआले
बनाउन छोडेनन् । तिनले मानिसहरूलाई परमेश्वरको बारेमा पनि बताइरहे तर कसैले पनि सुनेन ।
3


नोआको विश्वास अति ठूलो थियो । पहिला कहिल्यै पानी नपरेको भए पनि तिनले परमेश्वरमाथि विश्वास गरे । छिट्टै नै जहाज सरसामान राख्नको निम्ति तयार भयो ।
4


अब जनावरहरू भित्र आए । परमेश्वरले कुनै जातिका सातवटा त कुनैका दुईवटा जनावर भित्र ल्याउनुभयो । ठूला र साना चराहरू, होचा र अग्ला जनावरहरू त्यो जहाजभित्र आए ।
5


नोआले जनावरहरूलाई जहाजभित्र राख्दा मानिसहरूले चर्को स्वरमा तिनको निन्दा गरे होलान् । तिनीहरूले परमेश्वरविरुद्ध पाप गर्न छोडेनन् । तिनीहरू जहाजभित्र आउन मानेनन् ।
6


अन्त्यमा सबै जनावरहरू र चराहरू जहाजभित्र आए ।
"जहाजभित्र आऊ," परमेश्वरले नोआलाई बोलाउनुभयो । "तिमी र तिम्रा परिवार ।" नोआ, तिनकी श्रीमती, तिनका तीनजना छोराहरू र तिनीहरूका श्रीमतीहरू जहाजभित्र आए । त्यसपछि परमेश्वरले जहाजको ढोका थुनिदिनुभयो !
7


त्यसपछि पानी पऱ्यो । पृथ्वीमा चालीस दिन र चालीस रात मुसलधारे पानी वर्षियो ।
8


सहर र गाउँहरू
डुबे। पानी रोकिँदा
पहाडहरूसमेत डुबेका थिए। स्वास
फेर्ने हरेक जीव मऱ्यो।
9


पानी बढ्दै जाँदा जहाज तैरियो।
भित्र अँध्यारो थियो होला, जहाज
हल्लियो होला र डरलाग्दो अवस्था
आयो होला। तर त्यो जहाजले
नोआलाई जलप्रलयदेखि जोगायो।
10


पाँच महिनासम्म बाढी आएपछि परमेश्वरले सुक्खा
बनाउने बतास पठाइदिनुभयो। बिस्तारै त्यो जहाज
आरारात पहाडमाथि अडियो। नोआ पानीको सतह
नघटेसम्म अझै चालीस दिन
जहाजभित्रै
बसे।
11


नोआले एउटा काग र एउटा
ढुकुरलाई जहाजको झ्यालबाट
बाहिर पठाए। बस्नको लागि
सुक्खा सफा ठाउँ नपाएर ढुकुर
नोआकहाँ फर्केर आयो।
12


एक हप्तापछि नोआले फेरि
ढुकुरलाई पठाए। चुच्चोमा
जैतुनको मुना लिएर ढुकुर
फर्किआयो। अर्को हप्ता ढुकुर फर्केर
आएन, त्यसैले पृथ्वी सुक्खा भएको
कुरा नोआले थाहा
पाए।
13


अब जहाजबाट बाहिर निस्कने बेला भएको थियो भनी
परमेश्वरले नोआलाई भन्नुभयो। नोआ र तिनका
परिवारले मिलेर जनावरहरूलाई
बाहिर निकाले।
14










नोआ र जलप्रलय

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

उत्पत्ति ६-१०
मा पाइन्छ

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !